फोन नं. :- ०७६-५५०३४७
इमेल :-pmamp.piu.kapilvastu@gmail.com
वेबसाइट :- www.kapilvastu.pmamp.gov.np

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

# परियोजना कार्यान्वयन एकाइ, कपिलवस्तु

प.सं. : २०८१/८२

## कार्यक्रम माग तथा संचालनका लागि प्रस्ताव आव्हान सम्बन्धि सूचना

सूचना नं. ०५/०८१/८२

**दोस्रो पटक प्रकाशित मिति : २०८१।०६।१६**

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ, कपिलवस्तुको चालू आ.व. २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार धान सुपरजोन, माछा जोन र तरकारी जोनको कार्यक्षेत्रमा तपशिलका कार्यक्रमहरु संचालन गर्न यस एकाइ अन्तर्गत सुचिकृत भएका कृषक समूह/कृषि सहकारी/निजि फर्म/कम्पनी/वन/जल उपभोक्ता समिति आदिले परियोजनाले माग गरेको तपशिल अनुसारका कागजात सहित १५ (पन्ध्र) दिन अर्थात मिति २०८१/०६/३० गते भित्र परियोजना कार्यान्वयन म्यानुअल-२०७७ बमोजिम तोकिएको ढाँचा (अनुसूची-१०) अनुसार आवेदन दर्ता गर्नुहुन सम्बन्धित सबैमा यो सुचना प्रकाशन गरिएको छ ।

| क्र.सं. | कार्यक्रम बिवरण | लक्ष्य | स्वीकृत बजेट रु. लाखमा | कार्यक्रम संचालन हुने जोन/सुपरजोन क्षेत्र | कैफियत |
|---|---|---|---|---|---|
| १ | साना सिचाई निर्माण तथा मर्मत सम्भार (साना सिचाई निर्माण) | ५ वटा | २५.० | धान सुपरजोन कपिलवस्तुको कार्यक्षेत्र | ५०% देखि बढीमा ८५% अनुदान वा प.का. म्यानुअल अनुसार |
| २ | सिचाइ पूर्वाधार निर्माण तथा मर्मत सम्भार (चैते धान प्रवर्धन कार्यक्रम) | १५ वटा | ३०.० | धान सुपरजोन क.व.को कार्यक्षेत्र (चैते धान प्रवर्धनको लागि मात्र) | ५०% देखि बढीमा ८५% अनुदान |
| ३ | बसन्ते मकैको क्षेत्रफल बिस्तार | २० हेक्टर | ३.४ | धान सुपरजोन, तरकारी जोन र माछा जोन | बढीमा ५०% अनुदान |
| ४ | जैविक/प्राङ्गारिक/भर्मी कम्पोष्ट मल बितरण | १ पटक | २.५५ | धान सुपरजोन, तरकारी जोन र माछा जोन | बढीमा ५०% अनुदान |
| ५ | धान बीउ उत्पादन कार्यक्रम | ५० हेक्टर | १२.५ | धान सुपरजोन कपिलबस्तुको कार्यक्षेत्र | बढीमा ५०% अनुदान वा प.का. म्यानुअल अनुसार |
| ६ | चक्लाबन्दीमा आधारित खेती मार्फत उत्पादन वृद्धिका लागि सहयोग | १ पटक | १०.० | धान सुपरजोन, तरकारी जोन र माछा जोन | परियोजना कार्यान्वियन म्यानुअल अनुसार |
| ७ | जिङ्क सल्फेट वितरण | २ पटक | ५.० | धान सुपरजोन, तरकारी जोन र माछा जोन | बढीमा ५०% अनुदान |
| ८ | मसिना वासनादार तथा रैथाने जातका धान खेती बिस्तार सहयोग कार्यक्रम | ५० हेक्टर | १०.६३ | धान सुपरजोन कपिलबस्तुको कार्यक्षेत्र | बढीमा ५०% अनुदान वा प.का. म्यानुअल अनुसार |
| ९ | चैतेधान खेती विस्तार सहयोग | ३० हेक्टर | ३.८३ | धान सुपरजोन कपिलबस्तुको कार्यक्षेत्र | बढीमा ५०% अनुदान |
| १० | भण्डार, प्राथमिक प्रशोधन वा प्रशोधन उद्योग स्थापना | १ वटा | १५.० | धान सुपरजोन कपिलबस्तुको कार्यक्षेत्र | ५०% देखि बढीमा ८५% अनुदान (प्रशोधन उद्योगलाई प्राथमिकता) |
| ११ | यस परियोजनाबाट विगत वर्षमा निर्माणाधीन पोष्ट हार्भेष्ट सेन्टर स्थापना अन्तर्गत गोदाम घर तथा बीउ प्रशोधन केन्द्र तथा अन्य पूर्वाधार निर्माण निरन्तरता कार्यक्रम | १ वटा | १५.० | धान सुपरजोन कपिलबस्तुको कार्यक्षेत्र | ५०% देखि बढीमा ८५% अनुदान (लागत अनुमान र डिजाइन, सहित पेश गर्ने) |
| १२ | व्यावसायिक प्याज प्रबर्द्धन कार्यक्रम | २ पटक | ८.५ | तरकारी जोन कपिलवस्तुको कार्यक्षेत्र | बढीमा ५०% अनुदान वा प.का.ए. को निर्णय अनुसार |
| १३ | नयाँ मत्स्य पोखरी निर्माण | १५ हेक्टर | ४५.० | माछा जोनको कार्यक्षेत्र | प्रति हेक्टर जलाशयको बढीमा रु. ३ लाख |
| १४ | मत्स्य ह्याचरी स्थापना सहयोग कार्यक्रम (५०% अनुदान) | १ वटा | १०.० | माछा जोनको कार्यक्षेत्र | बढीमा ५०% अनुदान |

"आत्मनिर्भर अर्थतन्त्रका लागि कृषिको आधुनिकीकरण, बिशिष्टिकरण र औद्योगिकीकरण"

फोन नं. :- ०७६-५५०३४७
इमेल :-pmamp.piu.kapilvastu@gmail.com
वेबसाइट :- www.kapilvastu.pmamp.gov.np

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

# परियोजना कार्यान्वयन एकाइ, कपिलवस्तु

प.सं. : २०८१/८२

**आवेदन साथ पेश गर्नु पर्ने आवश्यक कागजातहरु**

१. रु. १० को हुलाक टिकट टाँसेको परियोजनाले निर्धारित गरेको अनुसुचि-१० फर्मेट भरि अनुमानित लागत ईष्टिमेट प्रष्ट खुलाई पेश गर्ने (अनुसुचि-१० फर्मेट परियोजनाको वेबसाईट www.kapilvastu.pmamp.gov.np बाट download गर्न सकिनेछ)।
२. निवेदकको नेपाली नागरिकताको प्रतिलिपि ।
३. जग्गा/जमिनको जग्गाधनी प्रमाण-पूर्जाको प्रतिलिपि (जग्गाको न्यूनतम मापदण्ड पुरा हुनुपर्ने)।
४. कृषक समुह/कृषि सहकारी संस्था/वन/जल उपभोक्ता समिति/कम्पनी/कृषि उद्यमी (फर्म) दर्ता प्रमाण पत्रको प्रतिलिपि।
५. स्थायी लेखा नम्बर दर्ता (PAN) प्रमाण पत्रको प्रतिलिपी ।
६. आ.व. २०८०/०८१ वा २०७९/०८० को करचुक्ता प्रमाणपत्रको प्रतिलिपी ।(कार्यक्रम छनौट हुनुभन्दा पूर्व आ.व. २०८०/०८१ को करचुक्ता प्रमाणपत्र पेश नगरेमा आवेदन छनौटको प्राथमिकतामा नपर्ने )
७. कृषक समुह/कृषि सहकारी संस्था/वन/जल उपभोक्ता समिति/कम्पनी/कृषि उद्यमी (फर्म) को कार्यक्रम माग गरेको निर्णय प्रतिलिपि।
८. निर्माण/कार्यक्रम (प्रशोधन केन्द्र, ह्याचरी र पोष्ट हार्भेष्ट सेन्टर) संचालन गरिने स्थान समूह/सहकारी/कम्पनी/फर्मको नाममा रहेको जग्गा/जमिनको जग्गाधनी प्रमाण-पूर्जाको प्रतिलिपि ।
९. गत आ.व.हरूमा क्षेत्र विस्तार कार्यक्रम प्राप्त गरेका समूह/सहकारी/फर्मले थप क्षेत्र विस्तारका लागि मात्र निवेदन दिन पाउने ।
१०. करारमा जग्गा लिएको भए कम्तिमा ५ बर्षको करार सम्झौताको प्रतिलिपि । पूर्वाधार निर्माणको हकमा कम्तिमा १० बर्षको करार सम्झौता।
११. धान बीउ उत्पादन कार्यक्रमको लागि बीउ उत्पादन गर्ने प्रमाण-पत्र वा बीउ उत्पादक कम्पनी वा सप्लायर्स सँग खरिद पूर्व सम्झौता पत्र र सम्झौता गर्ने कम्पनीको ईजाजत पत्रको प्रतिलिपि ।
१२. प्रस्तावकले समान प्रकृतिको कार्यक्रमका लागि अन्य कुनै सरकारी, गैरसरकारी संघ संस्थाबाट अनुदान सहयोग प्राप्त गरेको भए स्पष्ट रूपमा परियोजना कार्यान्वयन एकाइलाई जानकारी गराउनुपर्नेछ ।समान प्रकृतिको कार्यक्रमका लागि एउटै आ.व. मा अन्य कुनै निकायबाट अनुदान लिन पाइने छैन ।
१३. परियोजनाले माग गर्ने अन्य आवश्यक कागजात सहित सम्पूर्ण कागजातहरू उल्लेखित क्रम अनुसार फाईलिङ गरि सम्पर्क नम्बर उल्लेख गरी पेश गर्नु पर्नेछ।

पुनश्च: आवेदन पेश गर्ने अन्तिम दिनमा सार्वजनिक विदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिनसम्म आवेदन पेश गर्न सकिनेछ । रीतपुर्वक आवेदन र आवश्यक कागजातहरु पेश हुन नआएमा परियोजना कार्यान्वयन एकाइ आवेदन दर्ता गर्न बाध्य हुनेछैन ।

विस्तृत जानकारीका लागि:- परियोजना कार्यान्वयन एकाइ, जितपुर कपिलवस्तुमा सम्पर्क गर्नुहोला। फोन नं. ०७६-५५०३४७।

०६।१९८०
सहसराम चौधरी (कृषि)
वरिष्ठ कृषि अधिकृत

"आत्मनिर्भर अर्थतन्त्रका लागि कृषिको आधुनिकीकरण, बिशिष्टिकरण र औद्योगिकीकरण"